"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## एम्बुलेन्स चालक (ह.स.चा.) पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१४)

लालबन्दी नगरपालिका अन्तर्गत नगर अस्पतालमा रहेको नगर एम्बुलेन्स सञ्चालन गर्न रिक्त रहेको एम्बुलेन्स चालक (हलुका सवारी चालक) पद १(एक) करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले "लालबन्दी नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९" को अनुसूची- ३ बमोजिम दरखास्त फारम भरी यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पदको विवरण

| विज्ञापन नं. | सेवा करारमा लिने पद | संख्या | आवश्यक न्यूनतम योग्यता | परीक्षाको किसीम |
|---|---|---|---|---|
| ०२-०८१/०८२ | एम्बुलेन्स चालक (हलुका सवारी चालक) | १ | कम्तीमा आठ कक्षा उत्तीर्ण गरी सम्वन्धित वर्गको सवारी चालक अनुमति प्राप्त भई कम्तिमा ५ बर्ष को कार्यानुभव भएको र २५ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको | प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता |

अन्य आवश्यक योग्यता र विवरण :

१. आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरु:-
   क) सम्बन्धित वर्गको सवारी चालक अनुमति पत्रको प्रतिलिपि।
   ख) कुनै संघ/संस्था वा कार्यालयमा कम्तिमा ५(पाँच) बर्ष हलुका सवारी चालकको रुपमा कार्य गरेको अनुभवको प्रमाणपत्र ।
   ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. दरखास्त बुझाउने अन्तिम मितिः- प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनसम्म (मिति २०८१/०८/२८ गते, उक्त दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन)।

३. पारिश्रमिक तथा सुविधाः- नगरपालिकाले तोके बमोजिम।

४. करार अवधि :- २०८२ असार मसान्तसम्म (बजेटको सुनिश्चितता र कार्यसम्पादनको आधारमा थप हुन सक्ने)।

५. परीक्षा दस्तुर र फारम :- परीक्षा दस्तुर रु.५००/- (राजस्व शाखामा बुझाई आवेदन फारम लिनु पर्ने)।

६. परीक्षा सम्बन्धी जानकारीः- आवेदन फारम बुझाउने मिति समाप्त भए पश्चात सूचना प्रकाशन गरिनेछ।

७. आवेदन फारम यस कार्यालयको वेभ साइट https://www.lalbandimun.gov.np/ मा समेत उपलब्ध छ। थप जानकारीको लागि ०४६५०११०० मा सम्पर्क गर्न सकिनेछ।

२०८१.०८.१४

प्रमुख प्रशासकीय अधिकृत